> सुरक्षा तथा रेस्क्यु टोली, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा सिम्रिक एयरको इन्जिनियरिङ टोलीले सम्भावित क्षति न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्नुभयो। हामी उहाँहरुप्रति आभारी छौं।



ललितपुरस्थित धापाखेलमा रोपाइँ गर्दै महिलाहरू। वर्षायाम शुरू भएलगत्तै धान रोप्न शुरू गरिन्छ भने केही वर्षयता खेतीयोग्य जमिनमा ठूला साना भवन तथा हाउजिङ निर्माण कार्य गरिएकाले धान रोप्ने खेत घट्दै गएको छ। तस्वीर : उजोल डंगोल/ नेस

# देउवाको थिंक ट्यांक बनाउने योजना कार्यान्वयन भएन

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय राजनीतिमा कमजोर भएको नेपाली कांग्रेसले आन्तरिकरूपमा बलियो बन्ने क्रियाकलापसमेत अघि बढाउन सकेको छैन। नेतृत्वमा पुग्न शीर्ष नेताले पार्टी संगठनलाई बलियो बनाउन यो गर्छु र त्यो गर्छु भनेर प्रतिबद्धता गर्ने गरे पनि आफूले गरेको प्रतिबद्धता पूरा गर्न ध्यान नदिने गरेको पाइन्छ।

आन्तरिकरूपमा गुट उपगुटमा विभाजित कांग्रेसभित्र सभापति देउवाले नेतृत्व दाबी गर्दै १३औं महाधिवेशनमा गरेको थिंक ट्यांक बनाउने प्रतिबद्धता अझै पूरा भएको छैन। १४औं महाधिवेशन आउन अब १ वर्षमात्र बाँकी हुँदासमेत थिंक ट्यांक बनाउने मात्र हैन अन्य प्रतिबद्धतासमेत केही पूरा भएनन्।

सभापति शेरबहादुर देउवाले नेपाली कांग्रेस पार्टीका बुद्धिजीवी तथा शुभेच्छुकको विचारसमूह (थिंक ट्यांक) को अवधारणालाई संस्थागत गरी पार्टी नीति र राष्ट्रिय नीतिनिर्माणमा विचार समूहबाट आएको सुझावको उपयोग पूर्णरूपमा गरिने भनी गरेको प्रतिबद्धता बिर्सिसकेको भन्दै आलोचना हुन थालेको छ। पार्टी सुदृढीकरण गर्ने कुरामा देउवाले मूल्यांकन पद्धतिलाई संस्थागत गर्न देशभरिका पार्टी कार्यकर्ताको विशेषता र योगदानको वैज्ञानिक अभिलेख राखिनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। त्यस्तै देश र देशबाहिर रहेका पार्टीका शुभेच्छुक र समर्थकको योग्यता र उपयोगितासहितको अभिलेख पनि तयार गरिने र उनीहरूको योग्यता र सीपलाई पार्टी निर्माणमा प्रयोग गरिने बताउनुभएको थियो। सभापतिमा निर्वाचित भएपछि हालसम्म देउवाले यी कुनै पनि काम पनि गर्नुभएको छैन।

पार्टी कार्यकर्तालाई दिइने प्रशिक्षण नेताको भाषण गर्ने थलो र औपचारिकतामा सीमित नराखिने भन्दै देउवाले व्यावसायिकता र समय सान्दर्भिक विषयवस्तु केन्द्रित प्रशिक्षण सामग्रीमा आधारित प्रशिक्षणलाई केन्द्रदेखि गाउँतहसम्म नियमित बनाइने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो। यो प्रतिबद्धता पूरा गर्ने अभियानको थालनीसमेत नगरेको देउवामाथि आरोप लागिरहेको छ।

# गाली–गलौजमा नउत्रन काउन्सिलको आग्रह

काठमाडौं, (नेस)

प्रेस काउन्सिल नेपालले संस्थागतरूपमा भएका कारबाहीसम्बन्धी निर्णयलाई व्यक्ति-व्यक्तिमा छुट्याएर गाली-गलौजमा नउत्रन तथा अझै थप जिम्मेवार, मर्यादित, उत्तरदायी र संयमित भई पत्रकारिता एवं सञ्चार-कर्म गर्न सबैमा अपिल गरेको छ।

काउन्सिलका सहप्रशासकीय अधिकृत एवम् सूचना अधिकारी दीपक खनालको नामबाट पत्रकार एवं सम्पूर्ण जनसमुदायको नाममा सोमबार जारी सार्वजनिक अपिलमा भनिएको छ- 'संस्थागत निर्णयलाई विषयान्तर गरेर काउन्सिलका पदाधिकारी र कर्मचारीमाथि आरोप-प्रत्यारोप गर्ने, काट्ने, मार्ने धम्की दिने, जीवित मानिसलाई मरेको भनेर श्रद्धाञ्जली दिने, पुराना घटनाक्रमलाई खोतलेर जनमानसमा भ्रम सिर्जना गर्नेजस्ता अत्यन्तै अमानवीय कार्य भइरहेका छन्।'

सोमबार नै बसेको काउन्सिलको बोर्ड बैठकको निर्णयानुसार जारी उक्त अपिलमा पत्रकार आचारसंहिता-२०७३ को आधारमा चरणबद्धरूपमा कारबाही प्रक्रिया अघि बढ्ने उल्लेख गर्दै प्रष्ट भनिएको छ- 'उक्त आचारसंहितामा राखिएको कार्यविधिअनुसार सबै निर्णय सामूहिक बैठकबाट संस्थागतरूपमा हुने गर्दछ। आचारसंहितासम्बन्धी उजुरीको निर्णय प्रक्रियामा बार एसोसिएसन र नेपाल पत्रकार महासंघको समेत प्रतिनिधित्व रहँदै आएको छ।'

सन्तुलित, मर्यादित र जिम्मेवार पत्रकारिताका लागि कुनै आग्रह-पूर्वाग्रह नराखी पत्रपत्रिका, रेडियो/एफएम, टेलिभिजन, अनलाइन, समाचार समितिजस्ता आमसञ्चारमाध्यमको अनुगमन गरिँदैआएको अपिलमा उल्लेख छ।

स्मरणीय छ- न्युज २४ टेलिभिजनलाई सोधिएको प्रश्नको विषयलाई लिएर सूचना अधिकारी खनाललाई अस्ट्रेलियाबाट ज्यान मार्ने धम्की आउनुका साथै उहाँ र कार्यबाहक अध्यक्ष किशोर श्रेष्ठलाई सामाजिक सञ्जालमा अश्लील गालीगालौज गरिँदै आएको छ।

## यौनसम्पर्क गर्न नमानेपछि हत्या

काठमाडौं नेस

यौनसम्पर्क गर्न नमानेको झोंकमा नेपाली सेनाको भैरवदल गणमा कार्यरत एक सैनिकले युवतीको हत्या गरेका छन्। जवान लालबहादुर ढुंगेलले गत जेठ ११ गते सिन्धुलीको सुनकोशी किनारमा २४ वषीया युवती वसुन्धरा खड्काको हत्या गरेको प्रहरीले जानकारी दिएको छ। घर बिदामा गएका ढुंगेलले पटक-पटकको प्रयासमा पनि यौनसम्पर्क गर्न नपाएपछि ढुंगाले टाउकोमा हानेर हत्या गरेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका एसपी रामेश्वरप्रसाद यादवले जानकारी दिनुभयो।

## नक्कली लाइसेन्स बनाउने ७ जना पक्राउ

काठमाडौं, (नेस)

कीर्ते कागजात पेस गरी सवारी चालक अनुमतिपत्र बनाएको अभियोगमा प्रहरीले ७ जनालाइ पक्राउ गरेको छ। केन्द्रीय अनुसन्धान ब्युरोले कीर्ते कागजातमार्फत सवारी चालक अनुमतिपत्र बनाएको अभियोगमा ७ जनालाई महाराजगन्जबाट पक्राउ गरेको हो।

पक्राउ पर्नेमा काठमाडौंका आङ कुसाङ शेर्पा, लछु लामा, अमित पुर्पेटी, श्रीप्रसाद बुढाथोकी, रामचन्द्र गौतम, सिन्धुपाल्चोकका नोर्बु लामा र जर्सिङ तामाङ रहेका छन्। विदेशबाट जारी भएको सवारी चालक अनुमतिपत्रलाई नेपालीकरण गर्ने क्रममा कीर्ते कागजात पेस गरी सवारी चालक अनुमतिपत्र प्राप्त गर्ने ३ जना र उक्त कार्यमा बिचौलियाको भूमिका निर्वाह गर्ने ४ जनालाई ब्युरोबाट खटिएको टोलीले पक्राउ गरेको हो। पक्राउ परेका सबैलाई काठमाडौं जिल्ला अदालतबाट सरकारी छाप दस्तखत कीर्ते मुद्दामा म्याद लिई थप अनुसन्धान भइरहेको छ।

# कार्बन व्यापार बल्ल कार्यान्वयन हुँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

कार्बन व्यापारमार्फत मुलुकले ठूलो रकम भित्र्याउने र आर्थिक समृद्धि हासिल गर्न सक्ने वर्षौं अघिदेखिको बहस बल्ल कार्यान्वयन हुने निधो भएको छ।

विश्व बैंकअन्तर्गतको कार्बन कोषले नेपालले तयार गरेको कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी दस्तावेज (ईआरपीडी) स्वीकृत गरेसँगै वैदेशिक आम्दानी भित्रिने बाटो खुलेको हो। हालै फ्रान्सको पेरिसमा बसेको कोषको बैठकले ईआरपीडी स्वीकृत गरेको हो। यससँगै नेपालले विगत १ दशकदेखि वन क्षेत्रबाट गरिने कार्बन व्यापार कार्यक्रम रेड प्लसको तयारी अन्तिम चरणमा पुगेको वन तथा वातावरण मन्त्रालयले जनाएको छ।

बैठकमा सहभागी हुन मन्त्रालयका सचिव डा. विश्वनाथ ओली नेतृत्वको टोली फ्रान्स पुगेको थियो। 'ईआरपीडी स्वीकृत भएको छ, नेपालले ७ वर्षमा ५ अर्ब रुपियाँ हाराहारीको कार्बन बिक्री गर्न सक्ने प्रारम्भिक अनुमान गरिएको छ', उहाँले भन्नुभयो- 'कार्वन कोषले प्रतिटन कार्बनको मूल्य ५ डलर तोकेको छ।' नेपालले 'पाइलट प्रोजेक्ट'का रूपमा तराई भूपरिधिका विभिन्न १३ जिल्लामा कार्बन सञ्चिती कार्यक्रम शुरू गरेको छ।

नवलपरासीका २ जिल्ला, कैलाली, कञ्चनपुर, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रूपन्देही, चितवन, पर्सा, बारा र रौतहटमा यस्तो कार्यक्रम सञ्चालन भएको छ। ती जिल्लामा आगामी ७ वर्षसम्म वनको हैसियत खस्किन नदिने, वनको दिगो एवं वैज्ञानिक व्यवस्थापन, जैविक विविधता घट्न नदिनेजस्ता विविध कार्यक्रम सञ्चालन हुनेछन्। करिब२ लाख हेक्टर राष्ट्रिय वनलाई सामुदायिक तथा साझेदारी वनमा हस्तान्तरण गर्ने, १० हजार हेक्टर विपन्नमुखी कबुलियती वन हस्तान्तरण गर्ने, ३० हजार हेक्टरभन्दा बढी क्षेत्रमा निजी वन लगाउन प्रोत्साहन गर्ने, संरक्षित क्षेत्रको दिगो व्यवस्थापनबाट जैविक विविधता संरक्षण गर्नेलगायतका कार्यक्रम सञ्चालन हुने वन मन्त्रालयले जनाएको छ।

यस्ता कार्यक्रम सञ्चालन गर्दा १३ जिल्लामा आगामी १० वर्षमा करिब ३ करोड ४० लाख मेट्रिक टन थप कार्बन सञ्चित हुने अनुमान गरिएको रेड कार्यान्वयन केन्द्र प्रमुख डा. सिन्धुप्रसाद ढुंगानाले बताउनुभयो। कार्बन व्यापारका लागि नेपालसहित विभिन्न ४७ मुलुकले विश्व बैंकसँग सहकार्य अघि बढाएका उहाँले जानकारी दिनुभयो। 'एसियाबाट नेपालसहित भियतनाम र लाओसको मात्र ईआरपीडी स्वीकृत भएको छ, इन्डोनेसियाले पनि प्रक्रिया अघि बढाइरहेको छ' -ढुंगानाले भन्नुभयो।

# सुन ल्याउँदा ५० हजार भाडा लिने गरेको खुलासा

**नेपाल समाचारपत्र**

काठमाडौं

चीनको केरुङ नाका हुँदै १ पटक सुन काठमाडौं ल्याएको भरियाले ५० हजार लिने गरेको नयाँ तथ्य खुलेको छ। महानगरीय प्रहरी प्रभाग नागढुंगाले आइतबार राति केरुङ नाका हुँदै नेपाल ल्याएको ६ किलोग्राम सुनकाण्डमा पक्राउ परेका सिन्धुपाल्चोकका तेन्जिङ तामाङले १ खेपको ५० हजार लिने सर्तमा सुन ल्याएको बताएका छन्।

महानगरीय प्रहरी प्रभाग नागढुंगाका प्रमुख केशवराज भट्ट नेतृत्वको टोलीले आइतबार बा९५प ८१६४ नम्बरको कालो पल्सर मोटरसाइकलमा कम्मरमा खैरो कालो छिर्के मिर्के रंगको लेडिज सलभित्र राखेको ६ किलोग्राम सुनसहित तामाङलाई पक्राउ गरिएको महानगरीय प्रहरी परिसर काठमाडौंले सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिइयो।

सो अवसरमा परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्वराज पोखरेलले सुन पठाउने चिनियाँ व्यापारी भएको र चीनबाट काठमाडौं ल्याएबापत १ पटकमा ५० हजार दिने सर्तमा तामाङले सुन काठमाडौं ल्याएको अनुसन्धानबाट खुलेको बताउनुभयो।

सुन स्वयम्भूसम्म पुर्‍याउने र स्वयम्भूमा पुगेपछि अर्को मान्छेले फोन गरेर सुन लिन आउँछ भनेर चिनीयाँ व्यापारीले सुन पठाएको समेत अनुसन्धानबाट खुलेको उहाँले बताउनुभयो।

एसएसपी पोखरेलले पछिल्लो समय केरुङ नाका हुँदै धेरै सुन काठमाडौंलगायत देशका विभिन्न भागमा भित्रिने गरेको भन्दै प्रहरीले विशेष निगरानी राखेको बताउनुभयो। उहाँले शनिबार भारत लैजाँदै गर्दा नागढुंगाबाट समातेको सुन र आइतबार चीनबाट ल्याएको सुनमा कुनै सम्बन्ध नभएको पनि जानकारी दिनुभयो।

परिसरले शनिबार नागढुंगाबाट ३ किलोग्राम सुनसहित ४ भारतीय र १ नेपाली नागरिकलाई पक्राउ गरिसकेको छ। पक्राउ परेको सुनलाई आवश्यक कानुनी कारबाहीका लागि राजस्व अनुसन्धान विभाग पठाइएको परिसरले

## ग्रान्डी अस्पतालका सम्पूर्ण सेवा सुचारु

काठमाडौं, (नेस)

सिम्रिक एयरको हेलिकोप्टर शनिबार अस्पतालको हेलिप्याडमा ल्यान्ड गर्दा भएको दुर्घटनापछि ग्रान्डी अस्पतालका सम्पूर्ण सेवा सुचारु रहेको अस्पतालले जनाएको छ।

अस्पतालको मेडिकल टिम लिन आएको सिम्रिक एयरको नाइन एन एएलआर कल साइनको हेलिकोप्टर शनिबार दिउँसो २ बजेर ३२ मिनेटमा अस्पतालको हेलिप्याडमा ल्यान्ड गरिसकेपछि अचानक अनौठो आवाज आएर घडीको सुइको विपरीत दिशामा केही फन्को घुमेर अस्पतालको दक्षिणतर्फको कुनामा खस्न पुगेको थियो।

भरतपुरमा बिरामी लिन जानका लागि मेडिकल टिम लिन विमानस्थलमा इन्धन भरेर आएको हेलिकोप्टर अस्पतालमा ल्यान्ड गरिसकेपछि हेलिप्याडको छेउहुँदै तल खसेको थियो। तल खसेको केही मिनटमै हेलिकोप्टरका पाइलट क्याप्टेन हरेराम थापा पनि सुरक्षित अवस्थामा बाहिर निस्कन सफल हुनुभयो।

'हेलिकोप्टर खसेपछि अस्पतालको छानामा थोरै क्षति पुगेको भए पनि पूर्वतयारी र सतर्कताका कारण ठूलो क्षति हुन पाएन। जसका लागि तत्काल ग्रान्डी अस्पतालको सुरक्षा तथा रेस्क्यु टोली, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा सिम्रिक एयरको इन्जिनियरिङ टोलीले सम्भावित क्षति न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्नुभयो। हामी उहाँहरूप्रति आभारी छौं। यस घटनाका कारण अस्पतालको नियमित सेवा सञ्चालनमा कुनै बाधा नपुगेको र सम्पूर्ण सेवा सुचारु रहेको जानकारी गराउन चाहन्छौं' -ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालका मेडिकल निर्देशक डा. चक्रराज पाण्डेले भन्नुभयो। दुर्घटनाग्रस्त हेलिकोप्टर भने प्राविधिक सर्वेको प्रक्रिया पूरा नभएकाले अझै केही दिन ग्रान्डी अस्पतालको छतमै रहने अस्पतालले जनाएको छ।

## सिनेमा कर्नर








**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, परिवार-सुख, उत्तम भोजन, सुख-सन्तोष।
**वृष** : कार्य सिद्धि, शारीरिक स्वस्थता, हर्षविभोर, सुखानुभूति।
**मिथुन** : राज्य भय, मान-प्रतिष्ठामा आघात, अनिच्छित यात्रा।
**कर्कट** : रोग लाग्ने सम्भावना, धनहानि, कार्यमा बाधा ।
**सिंह** : धन-सम्पत्ति प्राप्ति, रोकिएका काम बन्ने, पुरस्कार-सम्मान।
**कन्या** : आर्थिक लाभ, शत्रु विजय, पारिवारिक सुख।
**तुला** : काममा असफलता, सन्तान-कष्ट, वायुजन्य रोगको भय, खर्च।
**वृश्चिक** : अपच-ग्यास्ट्रिकको सम्भावना, विवाद, व्यर्थको दौडधुप।
**धनु** : द्रव्यलाभ, मान-सम्मान, पराक्रम-उन्नति, कार्य सफल।
**मकर** : धन-नाश, अस्थिरता, आँखामा समस्या।
**कुम्भ** : खाद्यसामग्री-उपहारादि वस्तु प्राप्ति, उत्तम भोजन, भाग्योदय।
**मीन** : धन नोक्सानी, रोग-चोटपटकको भय, वादविवाद।